**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०८ जून २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

1. प्रधानमन्त्री नरेन्द्र मोदीले नारी शक्तिले भारतलाई विकसित बनाउन परिवर्तनकारी भूमिका खेल्ने बताउनु भएको छ।
2. पश्चिम बंगाल सरकारले बंगलादेश सीमामा सुरक्षा बढाउन सीमा सुरक्षा बललाई सकेसम्म चाँडो भूमि हस्तान्तरण गर्ने प्रक्रिया सुरु गरेको छ।
3. आकाशवाणीले आज आफ्नो 90 औँ वार्षिकोत्सव मनाइरहेको छ।
4. घुसपैठ गर्नेहरूका लागि नक्कली परिचयपत्र बनाउने आरोपमा कलकत्ताको इकोपार्क परिसरबाट एक युवकलाई पक्राउ गरिएको छ।
5. मौसम विभागले उत्तर बङ्गालका केहि क्षेत्रहरुमा आगामी केहि दिनहरुमा हल्का वर्षा हुने पूर्वानुमान गरेको छ।

**प्रधानमन्त्री नारी शक्ति**

प्रधानमन्त्री नरेन्द्र मोदीले नारी शक्तिले भारतलाई विकसित बनाउन परिवर्तनकारी भूमिका खेल्ने बताउनु भएको छ साथै सरकारले विगत एघार वर्षदेखि नारी नेतृत्वमा बढी ध्यान केन्द्रित गरिरहेको छ। उहाँले भन्नुभयो नारीहरू विज्ञान शिक्षा, खेलकुद, स्टार्ट अप र सशस्त्र बल हरेक क्षेत्रमा उत्कृष्ट प्रदर्शन गरिरहेका छन् र अरूका लागि प्रेरणाको स्रोत बनिरहेका छन्। राष्ट्रिय लोकतान्त्रिक गठबन्धन एनडीए सरकारको 11 वर्ष पूरा भएको अवसरमा सामाजिक सञ्जालमा पोस्ट गर्दै प्रधानमन्त्रीले भन्नु भयो एनडीए सरकारले विकासमा नारीहरूको बलियो भूमिकाको लागि धैरै महत्त्वपूर्ण पहलहरू गरेको छ।

**विशेष फीचर- नारी शक्ति**

सेवा, सुशासन र गरिबहरूको कल्याणका सिद्धान्तहरूको कार्यान्वयनका कारण देशमा विगत एक दशकमा उल्लेखनीय परिवर्तन आएको छ। आकाशवाणी समाचारले पछिछलो एघार वर्षमा प्रमुख क्षेत्रहरुमा सरकारको प्रयासहरु बारे एक विशेष फीचर प्रसारित गरिरहेको छ। आज यस श्रृंखलामा सामाजिक परिवर्तन र समावेशको यात्रामा नारी शक्तिको भूमिकामा केन्द्रित यो विशेष रिपोर्ट

*बाईट*

*पछिछल्लो एक दशकमा महिला सशक्तिकरणको लागि भारतको दृष्टिकोणमा उल्लेखनीय परिवर्तन आएको छ। सरकारको प्रमुख पोषण योजना, मिसन पोषणको दोस्रो चरण, नानीहरु, किशोरी र आमाहरूमा केन्द्रित छ। यसको एक प्रमुख भाग पोषण अभियान हो ए जुन वर्ष २०१८ मा सुरु गरिएको थियो।दुई लाखभन्दा बढी आङ्गनवाडी केन्द्रहरूलाई राम्रो पोषण र प्रारम्भिक शिक्षा प्रदान गर्न सुधार गरिन्दै छ। यस अन्तर्गत, पोषण भी, पढाई भी जस्ता योजनाहरूले आङ्गनवाडी कार्यकर्ताहरूलाई राम्रो प्री-स्कूल शिक्षा प्रदान गर्न प्रशिक्षण दिँदछ। स्वास्थ्यको क्षेत्रमा जननी शिशु सुरक्षा कार्यक्रम र जननी सुरक्षा योजना जस्ता योजनाहरूले विशेष गरी ग्रामीण र पछाडिएका क्षेत्रहरूमा सुरक्षित प्रसव र मातृ हेरचाह सुनिश्चित गरेका छन्।दैनिक जीवनमा महिलाहरूलाई सम्मान दिने दिशामा पनि प्रमुख कदम चालिएको छ। स्वच्छ भारत अभियान अन्तर्गत 12 करोडभन्दा बढी शौचालय निर्माण गरिएको छ जसले महिलाहरूको सुरक्षामा सुधार गरेको छ। उज्ज्वला योजना मार्फत 10 करोडभन्दा बढी एलपीजी कनेक्शन दिईएको छ जसले महिलाहरूलाई धुवाँबाट राहत दिएको छ। जल जीवन मिसनले १५ करोडभन्दा बढी ग्रामीण घरहरुसम्म नलद्वारा जल उपलब्ध गराएको छ ए जसले गर्दा पानी बोक्ने भार कम भएको छ। शिक्षाको क्षेत्रमा बालिकाहरूको स्कूलमा भर्ना गर्ने दर ७५.५ प्रतिशत बाट बढेर ७८ प्रतिशत पुगेको छ। सुकन्या समृद्धि योजना अन्तर्गत ४.२ करोडभन्दा बढी खाता खोलिएका छन् जसले बालिकाहरूको लागि आर्थिक सुरक्षा सुनिश्चित गरिरहेको छ।*

*कानुनी सुधारहरूमा पनि ठूला परिवर्तनहरू ल्याइएका छन्। तीन तलाकलाई समाप्त गर्नु र नारी शक्ति वंदनअधिनियम जुन संसद र विधानसभामा महिलाहरूको लागि ३३ प्रतिशतसिट आरक्षित गर्दछ, लैंगिक न्याय र भागीदारीको दिशामा यो ऐतिहासिक कदम हो। यो यात्रा केवल मद्दत गर्ने बारे मात्र होइन तर एउटा यस्तो भारत निर्माण गर्ने बारे हो जहाँ महिलाहरूले हरेक क्षेत्रमा नेतृत्व गर्न सक्छन्।* ***रोशनी छेत्री आकाशवाणी समाचार खरसाङ।***

**बंगलादेश सीमामा सुरक्षा**

पश्चिम बंगाल सरकारले बंगलादेश सीमामा सुरक्षा बढाउन महत्वपूर्ण कदम चालेको छ। राज्य सरकारले सीमा सुरक्षा बललाई सकेसम्म चाँडो भूमि हस्तान्तरण गर्ने प्रक्रिया सुरु गरेको छ। यस अन्तर्गत कुल ३५६ एकड भूमि बीएसएफलाई हस्तान्तरण गरिने छए ताकि ती क्षेत्रहरूमा बार लगाउने काम छिटो सुरु गर्न सकियोस् जहाँ बार लगाइएको छैन। यस सम्बन्धमा राज्य सचिवालय नवान्नाबाट कुचबिहार, मालदा, मुर्शिदाबाद, उत्तर र दक्षिण २४ परगना र नादिया जस्ता सीमावर्ती जिल्लाका जिल्ला मजिस्ट्रेटहरूलाई निर्देशन पठाइएको छ। केन्द्र र राज्य सरकारका वरिष्ठ अधिकारीहरू बीचको उच्चस्तरीय बैठकपछि गत हप्ता यो निर्णय लिइएको बताइएको छ। केन्द्र सरकारले बीएसएफको लागि भूमि अधिग्रहणको लागि राज्यलाई रकम प्रदान गरिसकेको छ। बार नभएका सीमा नाकाहरू लामो समयदेखि बीएसएफको लागि चिन्ताको विषय बनेका छन्। यी मार्गहरूबाट अवैध घुसपैठमा ठूलो वृद्धि भएको छ। गुप्तचर निकायहरूबाट प्राप्त जानकारी अनुसार जमात-उल-मुजाहिदीनबंगलादेश, हिज्बुत-तहरिर र अन्सारुल्लाह बंगला टोली जस्ता कट्टरपन्थी संगठनहरूले यी मार्गहरूबाट घुसपैठ गर्ने र राज्यमा स्लीपर सेलहरू स्थापना गर्ने प्रयास गरिरहेका छन्।

**आकाशवाणी 90 वर्ष**

आकाशवाणीले आज आफ्नो 90 औँ वार्षिकोत्सव मनाउँदैछ। आजको दिन ८ जुन १९३६ मा भारतीय राज्य प्रसारण सेवाको नाम अल इन्डिया रेडियो (एआईआर) राखियो। यो दिनले देशको सांस्कृतिक, सूचना र प्रसारण इतिहासमा एक विशेष क्षणलाई चिन्हित गर्दछ जहाँ एउटा आवाजको जन्म भएको थियो जुन पुस्ता-पुस्त सम्म प्रतिध्वनित हुनेछ।

**नक्कली परिचयपत्र**

घुसपैठ गर्नेहरूका लागि नक्कली परिचय पत्र बनाउने आरोपमा कलकत्ताको इकोपार्क परिसरबाट एक युवकलाई पक्राउ गरिएको छ। पक्राउ युवक बंगलादेशी घुसपैठ गर्नेहरूका लागि नक्कली परिचयपत्र बनाउने गर्थे भन्ने आरोप छ। पक्राउ परेका व्यक्ति इकोपार्क पुलिस चौकी अन्तर्गत घुनी पञ्चायतका बासिन्दा हुन्। सुत्र अनुसार युवकलाई आज ब्यारेकपुर अदालतमा पेश गरिएको थियो। यसअघि पुलिसले तीन बंगलादेशी घुसपैठ गर्नेहरूलाई पक्राउ गरेको थियो। नक्कली परिचय पत्र बनाउने गिरोहमा अरु को को संलग्न छन् भन्ने कुराको पनि अनुसन्धान भइरहेको छ।

**मौसम**

राज्यको दक्षिणी भागले अहिलेघरि प्रचण्ड गर्मी अनि आद्रतापूर्ण गर्मीको प्रकोप झेलिरहेको छ। मौसम विज्ञान विभगले सर्तकता जारी गर्दै आगामी दुइ दिनमा तापमानमा अझ बढ़ोत्तरी हुने बताएको छ। यस वर्ष मनसूनको गति धीमा छ। मौसम विशेषज्ञहरू अनुसार दक्षिण बंगालमा अझसम्म मनसूनको अनुकूल परिस्थितिहरू बन्न सकेको छैन जसको कारण मौसमी हावा उत्तर बंगालमा नै अड़ेर बसेको छ। यसैले दक्षिणी भागको जिल्लाहरूमा वर्षाको सम्भावना धेरै कम्ती रहेको छ। उत्तर क्षेत्रको केही भागहरू, विशेष गरेर दार्जीलिङ अनि छेउछाउको उच्च क्षेत्रहरूमा आगामी केही दिनहरूमा गर्जन साथ हल्का वर्षा हुने सम्भावना छ।

**स्वास्थ जाच शिविर**

गोर्खा दु:ख निवारक सम्मेलन एंव पश्चिम बंगाल विज्ञान मञ्च दार्जीलिङ जिल्ला समितिको सयु:क्त आयोजनामा आज सम्मेलन भवनमा निशुल्क स्वास्थ जाच शिविरको आयोजना गरियो। शिविरमा सिलिगुडीबाट आएका दुईजना अनुभवी

चिकित्सकहरुको टोलिले स्वास्थ जाँच गरेका थिए भने गोर्खा दुख निवारक सम्मेलनको पक्षबाट निशुल्क औषधिहरु वितरण गरियो। यसको साथमा शिविरमा कम मुल्यमा रक्त जाँच गरिएको एंव जाच गरिएका रोगिहरुलाई आवस्यक परेमा सिलिगुडी लगिने अथवा भविस्य पुनः स्वास्थ जाच शिविर राखिने बताएको छ। यसै शिविर अन्तर्गत पश्चिम बंगल विज्ञान मञ्चको सदस्यहरुले विभिन्न विद्यालयका विद्यार्थीहरुलाई विज्ञानको आवस्यकता बारे जानकारी गराइएको थियो।

****** ० ******